CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #३८

११।३।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

के स्वास्थ्य सेवा नागरिकको सहज पहुँचमा छ ?

वास्थ्यमा सरकारी खर्च (कुल राष्ट्रिय बजेटमा)

६.५%

(९० अर्ब ५९ करोड)

स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात

४४%

प्रति १ लाख जनसंख्यामा स्वास्थकर्मीको संख्या

४४५०

प्रति १ लाख जनसंख्यामा चिकित्सकको संख्या

८५

माथिको आँकडा स्वास्थ्य सेवालाई परिस्कृत बनाउन सरकारले तय गरेको आ.व.२०७७/७८ को लक्षमा आधारित छ । स्वास्थ्य क्षेत्रको बजेट गत वर्ष भन्दा करिब २२ अर्बले बढ्दा गत वर्षको तुलनामा स्वास्थ्य उपचारमा व्यक्तिगत खर्चको अनुपात १०.४% ले घट्ने लक्ष राखिएको छ । तर, चिकित्सकको संख्या हेर्दा अझै पनि प्रयाप्त देखिदैन । कम्तिमा पनि ११७६ जना व्यक्तिलाई एक जना चिकित्सकले हेर्नु पर्नेछ, जुन

स्रोत: https://npc.gov.np/images/category/ADP.pdf

नेपाल अपडेट

Bikalpa - an Alternative को समन्वयमा बिराटेश्वर बृद्धाश्रम र पूर्वाञ्चल अनाथाश्रम लागि सहयोग जुटाईदै

तस्बिर: बसन्त अधिकारी

परिक्षण

पिसिआर परिक्षण: १,९९,७३७

पोजेटिभ: ११,१६२

उपचाररत: ८,४८६

मृत्यु : २६



Source: https://covid19.mohp.gov.np/#/

हल्ला र तथ्य

स्थानीय पूवाधारविकास साझेदारी कार्यक्रम अन्तरगतको सबै रकम कोरोना रोकथाममा खर्च गर्नुपर्ने रे ।

गाउँपालिका तथा नगरपालिकामा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत विनियोजन भएको रकम मध्ये खर्च नभई बचत रहेको रकम कोभिड - १९ को रोकथाम, नियन्त्रण, निदान र उपचार खर्च गर्ने भनेको छ । यसका लागि प्रमुख प्रशासकिय अधिकृतले आफ्नो पालिकामा विनियोजन भएको मध्ये बचत हुने रकम एकिन गरी कार्यक्रम निर्देशक समिति संयोजक र जिल्ला समन्वय समितिलाई जानकारी गराउनु पर्नेछ । यसरी उपलब्ध भएको रकम कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने तथा लेखा परीक्षण लगाएतका कार्य गर्नुपर्ने छ ।

स्रोत: https://mofaga.gov.np/uploads/notices/Notices-20200622150630172.pdf

निजि अस्पतालले कोरोना भाईरसको परीक्षण थोरै मात्र गर्छ त्यस माथी शुल्क पनि महंगो लिन्छ रे ।

कोरोना भाईरसको परीक्षण गर्न अनुमती लिएका निजि अस्पतालले सञ्चालन गरेका प्रयोगशालाको न्युनतम दैनिक २०० जनाको परीक्षण गर्न सक्ने क्षमता हुनु पर्दछ । निजि प्रयोगशालाले सरकारी प्रयोगशालाबाट आएका नमुनालाई मात्र परीक्षण गर्न पाउनेछन् । यस बापत ति अस्पतालले बिरामीबाट कुनै शुल्क लिने छैनन् । यस्तो अवस्थामा नेपाल सरकारले प्रति नमुना अधिकतम रु. ५५०० सोध भर्ना गर्नेछ ।

स्रोत: https://drive.google.com/file/d/1Bc-HEnAmzED_Zwg7taEmgq-Mb6azQ4Va/view

अहिले बाहिर निस्कदा कसैले पनि मापदण्ड पालना गरेको देखिदैन । यसको लागि सरकारले कुनै सजाय वा कसुरको व्यवस्था गरेको छैन ?

व्यवस्थित बन्दा बन्दीको समयका लागि सरकारले तोकेको सुरक्षा मापदण्ड उलंघन गरेमा अत्यावश्यक सेवा ऐन, २०१४, संक्रामक रोग ऐन, २०२०, मुलुकी अपराध संहिता, २०७४ र स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुनेछ । यसको अनुगमन स्थानीय प्रशासनले गर्दछ ।

स्रोत: https://cutt.ly/XirCH8Q

अहिले कुपोषण लागेका बालबालिकाको उपचार पाउँदैनन् ?

कुपोषित बालबालिकाको स्वास्थ्यलाई ध्यान दिएर यो विषम परिस्थितिमा पनि पोषण पुनर्स्थापना केन्द्रले सेवा प्रदान गरिरहेकाछन् । त्यस्ता पोषण पुनर्स्थापना गृहले आवश्यक एफ ७५, एफ १००, अन्य खानेकुरा तथा औषधिहरु यथेष्ट मौजदात भएको सुनिश्चित गर्नु पर्दछ र त्यहाँ भर्ना भएका बालबालिकाको नियमित निगरानी तथा हेरचाह स्वास्थ्यकर्मीले गर्नु पर्दछ । निको भएर डिस्चार्ज भएका बालबालिकाहरुको फोन मार्फत सुरुको महिना प्रत्येक हप्ता, दोस्रो महिना १५/१५ दिनमा र चौथो, पाँचौ र छैठौ महिना मासिक रुपमा फलोअप गर्नु पर्ने भनेर यस सम्बन्धी निर्देशिका २०७७ जारी गरेर नै सरकारले लागु गरेको छ ।

स्रोत: https://drive.google.com/file/d/1V5FRhbaTrcd1oE_Bf48FO7wIl8UHjqY5/view

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्

COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,३४,४५१ नेपाली	७१,१२३ नेपाली	२६,००० नेपाली	४,०६,९१७ नेपाली	२,२४,९०५ नेपाली	१७,०५७ नेपाली	५००,००० नेपाली	३८,८६२ नेपाली
१,६७,२६७ संक्रमित	४२,७८८ संक्रमित	२३,५७० संक्रमित	९१,८३८ संक्रमित	४६,५६३ संक्रमित	३४,९०२ संक्रमित	८,६०० संक्रमित	१२,५६३
१,५०० नेपाली संक्रमित	६५० नेपाली संक्रमित	४४० नेपाली संक्रमित	१०,००० नेपाली संक्रमित	१,६०० नेपाली संक्रमित		८९ नेपाली संक्रमित	
९ मृत्यु भएका नेपाली	३ मृत्यु भएक नेपाली	३ मृत्यु भएका नेपाली	७ मृत्यु भएका नेपाली	१९ मृत्यु भएका नेपाली			



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

नेपालमा छुट्टीमा हुनुहुन्छ ? यू.ए.ई.को भिषा छ र यू.ए.ई.जान खोजिरहनु भएको छ भने, यि प्रकृया पुरा गर्नुहोस्:

सबैभन्दा पहिले www.ica.gov.ae मा गएर आफ्नो सबै विवरण भरेर पठाउनुहोस् । त्यसपछी ICA बाट अनुमती दिएमा एउटा नंम्बर पाउनु हुनेछ । जुन, पछी गएर टिकट लिने बेलामा पनि राख्नु पर्ने हुन्छ । तर, दुबई ईमिरेट्स को भिषा छ र त्यहीको एयरपोर्टमा जाने हो भने चाही GDRFA को आर्को तर्फबाट फारम भरेर Aproval लिनु पर्ने हुन्छ ।

२. नेपालमा श्रम विभागबाट दिईइने श्रम स्वीकृती हाल स्थगित छ । यस अघिको श्रम स्वीकृतीको म्याद ३ महिना भन्दा बढी छ भने मात्र टिकट लिन सकिन्छ ।

३. यू.ए.ई.मा पुगेपछी अनलाईनबाट २ वटा फारम झर्नु पर्ने हुन्छ । त्यस मध्ये एउटा क्वारेन्टाईनमा बस्छु र निर्देशन पालना गर्छु भन्ने छ भने, अर्को स्वास्थ्य सम्बन्धी विवरणको लागि हो । ति फारम प्रिन्ट गरेर यू.ए.ई. स्थीत एयरपोर्टमा बुझाउनु पर्दछ ।

४. एयरपोर्टमा पि.सि.आर. परीक्षणको खर्च आँफै बेहोर्ने गरी नमुना लिईन्छ । त्यो नमुनाको नतिजा नआउँदा सम्म होम क्वारेन्टाईनमा बस्नु पर्दछ भने, नतिजा पोजेटिभ आएको खन्डमा पुन: १४ दिन होम क्वारेन्टिनमा बस्नु पर्दछ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

दाता

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब ४ अर्व १० करोड

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

प्रदेश सरकार

प्रदेश	प्रदेश १	प्रदेश २	बागमती प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
जम्मा रकम	करिब २९.४ करोड	करिब २६.६ करोड	करिब ४२.९ करोड	करिब १८.३ करोड	करिब १५.६ करोड	करिब २५.४ करोड	करिब ४२.५ करोड
खर्च गरिएको रकम	करिब १९.३ करोड	करिब १३.३ करोड	करिब १३.६ करोड	करिब १५.४ करोड	करिब ७.७९ करोड	करिब २३.९ करोड	करिब ३६.४ करोड

छनौट गरिएका केही स्थानीय सरकारले क्वारेन्टाईन व्यवस्थापनमा गरेको खर्च



स्थानीय स्तरमा सञ्चालित क्वारेन्टाईन व्यवस्थापन र कोरोना भाईरसबाट प्रभावितलाई राहत वितरण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय सरकारलाई दिईएको छ । यहाँ, खर्चलाई सार्वजनिक गर्ने पालिकाहरुको अवस्थाको विश्लेषण गरिएको छ । यद्यपी, उनिहरुले गरेको खर्चको पूर्ण सार्वजनिकिकरण र त्यसको नतिजा के आयो भन्ने कुराको अझै स्पष्ट छैन । अव्यवस्थित क्वारेन्टाईन सम्बन्धी मिडिया रिपोर्टलाई आधार मान्ने हो भने, प्रति क्वारेन्टाईन व्यवस्थापनमा धेरै रकम खर्च भएको छ । त्यसै गरेर, क्वारेन्टाईन व्यवस्थापन सम्बन्धी शिर्षकगत जानकारी पनि थोरै स्थानीय सरकारले मात्र सार्वजनिक गरेकाछन् ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

छनौट गरिएका स्थानीय सरकारले राहत वितरणमा गरेको खर्च ।
यति धेरै खर्च किन ?

सैनामैना नगरपालिका
रू. ५१,८०,८३९
राहत पाउने घरधुरी ५,८७४ | जम्मा घरधुरी १२,३९२

घोराही उप-महानगरपालिका
रू. १८,१७,०००
राहत पाउने घरधुरी ५,५४८ | जम्मा घरधुरी ३५,२१४

बुटवल उप-महानगरपालिका
रू. २,४४,२२,१०१
राहत पाउने घरधुरी २२,७०२ | जम्मा घरधुरी ४३,०९७

यशोधरा नगरपालिका
रू. २०,००,०००
राहत पाउने घरधुरी २,२४३ |जम्मा घरधुरी ५,४१३

व्यास नगरपालिका
रू. ४८,१०,९७७
राहत पाउने घरधुरी ३,५९२ | जम्मा घरधुरी १८,३३९

दुल्लु नगरपालिका
रू. ५,४२,०००
राहत पाउने घरधुरी २७१ | जम्मा घरधुरी ८,१६४

माथिको ग्राफबाट जम्मा घरधुरी मध्ये स्थानीय सरकारबाट राहत पाउने घरधुरीको प्रतिशत एकदमै धेरै छ भन्ने कुरा सजिलै हिसाब गर्न सकिन्छ । सैनामैना र यशोधरा नगरपालिकाले आफ्नो पलिका भित्रका ४०% भन्दा धेरै घरधुरीलाई राहत वितरण गरेकाछन् । त्यसै गरेर, बुटवल उप-महानगरपालिकाले जम्मा घरधुरीको ६५% भन्दा धेरैलाई राहत वितरण गरेको छ । यि तथ्यांकहरु केही अचम्भित पार्ने खालका छन् । जहाँ हरेक दिन जसो संक्रमितको संख्या बढ्दैछ । यसरी हेर्दा नेपालले अझै उच्च प्रभावको सामना गर्न बाँकी नै छ । यि पालिकाहरुमा रहेका क्वारेन्टाईनमा बस्नेहरुको संख्याको तथ्यांको आधारमा स्थानीय तहले आफ्नो तर्क दावि गर्नसक्छन्, तर कोरोना भाईरसबाट प्रभावित घरधुरीको संख्या र राहत पाउनेको संख्या हेर्दा सरकारले वास्तविक तथ्य सार्वजनिक गरेको छैनकी भन्ने प्रश्नलाई जोड दिन्छ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

भारतमा बन्धकमा परेका एवम् बेचिएका बालबालिकाहरु पनि लकडाउनमा घर फर्कदै

उद्धार गरिएका **५०%** बालबालिका **१६** वर्षमुनिका

भारततर्फ मानव तस्करी हुने घटना **५** वर्षमा **पाँच** गुणाले बढ्यो

वर्षेनी **१०** देखि **१५** हजार महिला तथा बालिका भारतमा बिक्री हुने गरेकाछन्

२६% प्रभावितहरु (**१८** वर्षभन्दा कम उमेरका बालबालिका) यौनशोषणको सिकार हुने गरेका छन्

सडक संजाल र सीमानाका बन्द नहुँदासम्म प्रदेश २ का विभिन्न जिल्लाबाट भारतीय बजारमा निकृष्ट श्रम गराउने गिरोह सक्रिय थिए । विद्यालयमा अध्ययनरत रहेकै बेला तस्कर गिरोहको नजरमा परेका यी बालकहरु भारतीय बजारमा पुऱ्याउन उनका अभिभावकलाई शुरुमै १० हजार भारतीय रुपैयासम्म दिने गरेका थिए । तस्करको जिम्मा लगाएका अभिभावकहरु आफ्ना नानीबाबु दुई तीन वष सम्म नर्फदा दिल्ली, मुम्बई लगायतका शहरमा आफ्ना नानीबाबु बन्धकमा रहेको तथा बेचिएको गुनाशो गर्न प्रहरीमा पुग्ने गरेका थिए । तर त्यसको सुनुवाई हुने गरेको थिएन । मानव बेचबिखन मुद्धामा अनुसन्धान अधिकृतले निरन्तर सुनुवाइको माग गर्न सकिने प्रावधान रहेपनि पीडकहरु पक्राउ नपरेसम्म न्यायिक सुनुवाइमा समेत समस्या आउने विभिन्न अध्ययनले देखाउँछ ।

दलालको निशानामा दलित समुदाय

दलालहरुलाई खासगरी दलित समुदायका बालबालिकालाई तारो बनाउन सहज भइरहेको देखिन्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुरका अनुसार देशभरमा दलित समुदायका २८ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । चिडिमार, मुसहर र डोम समुदायका त एक प्रतिशतभन्दा कम बालबालिका मात्र विद्यालय जान्छन् । गरिबीका कारण उनिहरु आफ्ना बालबालिकालाई रोजिरोटीको नाममा सहजै दलालको जिम्मा लगाउने गर्दछन् ।

फर्किदै बालबालीका

अहिले कोभिड - १९ बाट जोगिन बन्धकमा रहेका, बेचिएका र ठगिएका बालबालिकाहरु पनि घर फिर्ता हुन थालेकाछन् । निकृष्ट श्रममा लगाउनेहरुको कारोबार ठप्प भएको र भाइरसले ज्यान समेत लिन थालेपछि दिल्ली, मुम्बई, चेन्नई सहितका शहरमा रहेका बालबालिकाहरु पैदल नै स्वदेश फिर्ता भईरहेकाछन् । जलेश्वरकै गोपाल पासवानका छोरा मुम्बईबाट घर फर्के । विद्या(लयमा पढाई गरिरहेका ती बालकलाई उनका अभिभावकले प्रलोभनमा परेर मुम्बई पठाएका थिए । लकडाउन नभएको भए आफ्नो अभिभावक हेर्ने सपना अधुरै रह्ने ती युवा बताउछन् ।

बेचिएकाहरुको तथ्यांक राख्न जरुरी छ

यसरी फर्केकाहरुको यकिन तथ्यांक कुनै निकायसँग छैन । जसरी ती बालकहरु तस्करी भएर भारतीय बजारमा पुगेका थिए , त्यसरी नै ती बालकहरु रातको अध्याँरोमा सीमानाकाबाट लुकेर घर फर्केकाछन् । लकडाउनको मौकामा घर फिर्ती भएका बालबालिकाहरुको तथ्यांक संकलन गर्ने अहिले उचित समय हो । यसका लागि स्थानीय तहले वडा कार्यालय मार्फत तथ्यांक संकलन गर्न सक्दछ । साथसाथै सरकारको पुनएकिकरण कार्यत्रममा यो समुहलाई प्राथमि(कताकासाथ राख्न जरुरी छ ।

राकेश प्रसाद चौधरी

सही सूचना

संक्रमितको संख्या कम भएका जिल्लाहरुमा पनि प्रयाप्त उपचार संयन्त्र नभएको देखिन्छ

२०० जना भन्दा बढी संक्रमितको संख्या भएका जिल्लाहरु



माथीको ग्राफमा नेपालमा २०० जना भन्दा बढी कोभिड - १९ बाट संक्रमित भएका जिल्लाहरुलाई देखाईएको छ । यि जिल्लामा रहेको हाल उपचाररत संक्रमितको संख्या, सोही जिल्लाको जम्मा उपचाररत संक्रमितको संख्याको करिब ६८.५ प्रतिशत हो । जम्मा कोभिड - १९ को संक्रमणबाट सञ्चो हुने मध्ये यि जिल्लाहरुबाट मात्र करिब ७० प्रतिशत रहेका छन् । त्यसै गरेर नेपालमा कोभिड - १९ बाट मृत्यु हुने जम्मा २४ जना मध्ये १४ जना पनि यिनै जिल्लाबाट छन् । दुर्भाग्यवस, कोभिड - १९ बाट मृत्यु हुने अन्य व्यक्तिहरु, संक्रमणको प्रभाव थोरै भएका जिल्लाहरुबाट छन् । यसले संक्रमितको संख्या थोरै हुँदा पनि, स्वास्थ्य संयन्त्र प्रभावकारी नहुँदा व्यक्तिहरुले ज्यान गुमाईरहेकाछन् भन्ने देखाउँछ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219